ाज मिति २०८२ साल फागुन २९ गते शुक्रबार बिहान १० बजे बरेङ गाउँपालिका अध्यक्ष श्री कृष्ण प्रसाद शर्माज्यूको अध्यक्षतामा बसेको गाउँ कार्यपालिकाको ११० औ र आर्थिक वर्ष २०८२।०८३ को १० औ बैठकमा तपसिल बमोजिमको उपस्थितिमा देहाय बमोजिम निर्णय गरियो ।

ापसिलः

| क.स | नामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री कृष्ण प्रसाद शर्मा | गाउँपालिका अध्यक्ष | |
| २ | श्री दिलिप कुमार पुन | गाउँपालिका उपाध्यक्ष | |
| ३ | श्री तुफान पुन | गाउँपालिका प्रवक्ता | |
| ४ | श्री नरसेङ पुन | गाउँकार्यपालिका सदस्य/१ नं. वडा अध्यक्ष | |
| ५ | श्री हिरा बहादुर घर्ती | गाउँकार्यपालिका सदस्य/२ नं. वडा अध्यक्ष | |
| ६ | श्री सेर बहादुर खनाल क्षेत्री | गाउँकार्यपालिका सदस्य/३ नं. वडा अध्यक्ष | |
| ७ | श्री किसन बहादुर खत्री | गाउँकार्यपालिका सदस्य/४ नं. वडा अध्यक्ष | |
| ८ | श्री अमर बहादुर सेरबुजा | गाउँकार्यपालिका सदस्य/५ नं. वडा अध्यक्ष | |
| ९ | श्री चन्द्रकला केसी थापा | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री जमुना बिटालु | गाउँकार्यपालिका सदस्य | |
| ११ | श्री काशिराम वि.क | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी बस्याल | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री चन्द्रकला खत्री | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री पवित्रा पुन | गाउँकार्यपालिका सदस्य | |
| १५ | श्री बद्री नाथ पोखरेल | गाउँकार्यपालिका सचिव | |

अन्य उपस्थितिः

१६. केशबराज क्षेत्री सूचना अधिकारी

१७. सुमन गौतम फिल्ड सहायक

आ.व २०८२।०८३ को दशौं एवं समग्रमा ११० औं गाउँ कार्यपालिका बैठक मिति २०८२।११।२९ का निर्णयहरु

**निर्णय नं १.**

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस बरेङ गाउँपालिकाको कार्यपालिका बाट भएका निर्णयहरुको कार्यान्वियनको अवस्थाको गहन छलफल गर्दा अधिकांश निर्णहरु कार्यान्वयन भएको देखियो र अगामी दिनमा थप प्रभावकारी ढङ्गबाट कार्यान्वयन गर्दै जाने।

**निर्णय नं २.**

गाउँपालिकासँग सम्बन्धित तपसिल बमोजिमका कार्यविधि स्वीकृत गर्ने।

तपसिल:

क) बरेङ गाउँपालिका पूर्वाधार विकास शाखा अन्तर्गत प्राविधिकहरु फिल्ड भत्ता सम्बन्धी कार्यविधि, २०८२
ख) ग र घ वर्ग अपाङ्गता भएको व्यक्तिहरुको लागि मध्यम र सामान्य अपाङ्गता भएको व्यक्तिलाई आर्थिक सहयोग वितरण कार्यविधि, २०८२
ग) स्वास्थ्य शाखा बाट पेस भएको बहुक्षेत्रीय पोषण कार्यक्रम संचालन मापदण्ड, २०८२

**निर्णय नं ३.**

प्रस्ताव नं. ३ माथि छलफल गर्दा बरेङ गाउँपालिको समृद्दको लागि तपसिल बमोजिमका योजनालाई प्राथमिकतामा राखे।

तपसिल:

क) दश शैयाको हुग्दिशिर आधारभूत अस्पताल निर्माण
ख) पेरिवांङ बराकोट बरेङ उर्लेनी सडक
ग) मालढुङ्गा-कुशिमशेरा-राङ्कखानी-नाम्दुक-बरेङ-शान्तिपुर सडक अन्तर्गतको तेस्रो खण्ड सडक स्तरोन्नति
घ) ठुलडासा फनपार्क पदमार्ग
ङ) सर्वोदय मावि भवन निर्माण
च) तङ्ग्राम सिग्दी अर्लोङतुङ खानेपानी
छ) मनकामना खेलमैदान बरेङ -२

**निर्णय नं. ४**

स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणालीमा आ.व २०८१/०८२ को विवरण प्रविष्ट गर्ने सम्बन्धी प्राप्त पत्रानुसार प्रविष्टि गर्ने प्रयोजनको लागि जनप्रतिनिधि र कर्मचारीहरुसहित १ दिने अभिमुखिकरण कार्यक्रम सञ्चालन गरी शाखागत जिम्मेवारी अनुसार प्रविष्ट कार्य समयसीमा भित्र सम्पन्न गर्ने निर्णय गरियो।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष

आ.व २०८२।०८३ को दशौं एवं समग्रमा ११० औं गाउँ कार्यपालिका बैठक मिति २०८२।११।२९ का निर्णयहरु

बरेङ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय हुग्दिशिर, बागलुङ २०७३

निर्णय नं. ५

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन माथि छलफल गरी उक्त प्रतिवेदन बाट प्राप्त अंक (७०.५) लाई अनुमोदन गरीयो साथै प्रतिवेदन तयार गर्ने Human Development and Research Center Nepal Pvt.ltd लाई सम्झैता बमोजिमको रकम भुक्तानी गर्ने।

निर्णय नं. ६

भुक्तानी सम्बन्धमा तपसील बमोजिमको निर्णय गरियो।

(क) बरेङ गाउँपालिका वडा नं.१ निवासी बल बहादुर सार्कीको घरको पुनर्निर्माण गर्नको लागि निजी आवास पुनर्निर्माण वा पुनर्स्थापना अनुदान प्राप्त पछि शोधभर्ना हुने गरी दोस्रो किस्ता वापत दुई लाख रुपैयाँ विवद् व्यवस्थापन कोषबाट भुक्तानी दिने।

(ख) बरेङ गाउँपालिका-२ स्थित ग्रामीण जनसहभागिता विकास केन्द्रले विविध कार्यक्रमहरु आयोजना गरी रकम निकासाको लागि मिति २०८२/१०/०४ गते पेश गरेको निवेदन अनुसार उक्त संस्थालाई खेलकुद विकास कार्यक्रम शिर्षकबाट रु ५५,००० (अक्षरुपी पच्पन्न हजार मात्र) भुक्तानी दिन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने।

विविध

क) N-WASH कार्यान्वयन इकाइः खानेपानी सरसफाई तथा स्वस्छता कार्ययोजना तयारीको सम्बन्धी आवश्यक तथ्याङ्क संकलन गर्ने कार्य प्राविधिक हुने एवम् समयमै गर्नु पर्ने भएकाले विगत वर्षमा कार्य गरेका गणकलाई निरन्तरता दिने निर्णय गरियो।

ख) कृषि तथा पशु विकासमा आधारित साना किसानसँग बरेङ परियोजना अनुगमन तथा समन्वय समितिको मिति २०८२/११/२९ गते भएका तपसिल बमोजिमका निर्णयहरु अनुमोदन गर्ने।

- प्रगति विवरण स्वीकृत गर्न
- बजेट संशोधन गर्ने
- योजना फरफारक गर्ने
- दोस्रो किस्ता पेश्की उपलब्ध गराउने

ग) कर्मचरी तथा जनप्रतिनधि अध्ययन अवलोकन भ्रमणः सुदुरपश्चिम र लुम्बिनी प्रदेश अन्तर्गत रहेका विभिन्न स्थानीय तहमा भएका असल अभ्यासहरूको अध्ययनका लागि मिति २०८२/१२/१८ गते २०८२/१२/२२ सम्म हुने भ्रमणलाई स्वीकृति दिने।

कृष्ण प्रसाद शर्मा
अध्यक्ष